हरिपुर नगरपालिका, सर्लाही
मधेश प्रदेश, नेपाल






# पहुँच परियोजना
# सफलताका कथाहरू










# पहुँच परियोजना
# सफलताका कथाहरू

# हरिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिपुर, सर्लाही, मधेश प्रदेश, नेपाल

## HARIPUR MUNICIPALITY

**Office of Municipal Executive**

Haripur, Sarlahi, Madhesh Province, Nepal


प.सं.(Letter No.: २०८१।०८२

च.नं.(Ref. No.: १९८२

## भनाई



नेपालको संविधान २०७२ ले सामाजिक सुरक्षालाई नागरिकको हकको रुपमा स्थापित गरिदिएको छ। समाजमा पछाडी परेका, असाहय्, जोखिम तथा संकटासन्नतामा रहेका नागरिकहरुलाई राज्यको तर्फबाट सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि संघीय सरकार, प्रदेश सरकारका साथसाथै स्थानीय सरकारले पनि विभिन्न कार्यक्रमहरु निर्माण गरि सञ्चालन गरिरहेको छ। यस पालिकामा पुहँच परियोजनाले सन् २०२२ देखि सरकारको प्राथमिकतामा रहेको सामाजिक सुरक्षा कार्यक्रमहरुलाई नागरिक सम्मको सहज पहुँचमा लैजानका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसै सन्दर्भमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुटेका व्यक्तिहरुलाई आवश्यक सहयोग तथा समन्वय गरि उनीहरुलाई पहुँचमा ल्याउने र बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरुलाई बालबालिकाको उचित स्याहार सुसार, उनीहरुसँग सुमधुर सम्बन्ध स्थापना तथा पोषण सम्वन्धि अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ। यो कार्यक्रमले साञ्चिकै बालबालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण भूमिका खेलेको देखिएकोले यस नगरपालिकाले पनि सहकार्य गर्दै आईरहेको छ। परियोजनाका क्रियाकलापहरुद्धारा लाभग्राहीहरुमा परेको सकारात्मक प्रभावहरुलाई समेटेर सफलताका कथाहरु प्रकाशन गर्ने योजना जुन रहेको छ यो साह्रै सह्रानीय छ र जुन कथाहरु यस हरिपुर नगरपालिकाको वेबसाईटमा राखेर नागरिकलाई सुसुचित गर्दा यसको प्रभावकारीता अझ बढी रहने भएकोले यसका लागि सहयोगी हातको रुपमा रहेकोमा सेभ द चिल्ड्रेन र ग्रामीण नारी उत्थान संघ, हरिपुर-०२, सर्लाही लाई धन्यवाद दिन चाहन्छु। पहुँच परियोजनाले हाम्रो पालिकामा गरेको यो प्रभावकारी कार्यको म प्रशंसा गर्न चाहन्छु र भविष्यमा यस्तै कार्यक्रमको अपेक्षा गर्दछु।

.............................

नगर प्रमुख

हरिपुर नगरपालिका

गोपाल प्रजियार

नगर प्रमुख


Email: ito.haripurmun@gmail.com, info@haripurmun.gov.np

URL: www.haripurmun.gov.np Tel: 046-411031, 411032

# हरिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिपुर, सर्लाही, मधेश प्रदेश, नेपाल

# HARIPUR MUNICIPALITY

**Office of Municipal Executive**

Haripur, Sarlahi, Madhesh Province, Nepal

प.सं.:Letter No.: २०८१।०८२

च.नं.:Ref. No.: १९८४

---

## भनाई



सामाजिक सुरक्षा भत्ता तथा अभिभावक सचेतना कार्यक्रम सेभ द चिल्ड्रेन र ग्रामीण नारी उत्थान संघ, हरिपुर-०२, सर्लाही को साझेदारी तथा यस हरिपुर नगरपालिकाको सहकार्यक्रमा सन् २०२२ देखि सञ्चालन भईरहेको छ। परियोजनाले सामाजिक सुरक्षा भत्ताका लागि योग्य भएर पनि विभिन्न कारणले छुटेका व्यक्तिहरुको पहिचान गरि उनीहरुलाई भत्ताको पहुँचमा ल्याउन प्रभावकारी भूमिका रहेको छ। यसका साथै बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरुलाई अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गरी बालबालिकाको विकासमा महत्वपूर्ण भूमिका खेलेको कुरा मैले प्रत्यक्ष रुपमा अनुगमनको दौरान महशुस गरेको छु। परियोजनाले पारेको प्रभावलाई लिएर पालिकासँगको सहकार्यमा सफलताका कथाहरु निर्माण गर्न सहयोगी भूमिका खेलेकोमा परियोजनाको सम्पूणै टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

..................

नगर उप-प्रमुख

हरिपुर नगरपालिका

Email: ito.haripurmun@gmail.com , info@haripurmun.gov.np

URL: www.haripurmun.gov.np Tel: 046-411031, 411032

# हरिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिपुर, सर्लाही, मधेश प्रदेश, नेपाल

# HARIPUR MUNICIPALITY

**Office of Municipal Executive**

Haripur, Sarlahi, Madhesh Province, Nepal

प.सं.(Letter No.) २०८१।०८२

च.नं.(Ref. No.) १९५

## भनाई



बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना सेभ द चिल्ड्रेन र ग्रामीण नारी उत्थान संघ, हरिपुर-०२, सर्लाही को साझेदारी र यस हरिपुर नगरपालिकाको सहकार्यमा सन् २०२२ देखि सञ्चालन भईरहेको छ । परियोजनाले सामाजिक सुरक्षा भत्तामा नागरिकहरुको पहुँच सुनिश्चित गर्न विभिन्न गतिविधि सञ्चालन गर्दै आईरहेको छ र जसले गर्दा वास्तविक सहयोगको आवश्यकता भएका र सूचनाको पहुँचबाट बाहिर रहेका विपन्न तथा जोखिममा रहेका समूदायलाई सामाजिक सुरक्षा भत्तामा दर्ताको लागि प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ । यस साथसाथै बालबालिका र अभिभावकबीचको सु-सम्बन्ध स्थापना गर्न, बालबालिकाको उचित स्याहार सुसारका लागि अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गरिरहेको छ । अभिभावक सचेतना कार्यक्रमले समुदायका विशेष गरि आमाहरुको बालबालिकालाई हुर्काउने परम्परागत हानिकारक अभ्यासहरुलाई घटाउदै बालबालिकालाई सकारात्मक तवरबाट कुराकानी तथा स्याहार सुसार गर्ने वातावतरणको सृजना भएको छ । परियोजनाले नगरपालिकासँगको सहकार्यमा आफ्ना गतिविधि निर्माण गरि स्थानीय सरकारको नीति तथा कार्यक्रममा सहयोगी भूमिका खेलेको छ । यसै सन्दर्भमा परियोजना सञ्चालनका करण लाभग्राहीमा परेका सकारात्मक प्रयासहरुलाई समेटेर सफलताका कथा प्रकाशन गर्न र यस पालिकाको वेबसाईटबाट उक्त कथाहरु प्रकाशन गर्न सहयोगी भूमिका खेल्नुभएकोका सेभ द चिल्ड्रेन र ग्रामीण नारी उत्थान संघ, हरिपुर-०२, सर्लाही लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

.................................

प्रमुख प्रशासकीय अधिकृत

हरिपुर नगरपालिका

विनय पौडेल

प्रमुख प्रशासकीय अधिकृत

Email: lto.haripurmun@gmail.com , info@haripurmun.gov.np

URL: www.haripurmun.gov.np Tel: 046-411031, 411032

# पहुँच परियोजनाको एक संक्षिप्त परिचय

**परियोजनाको नामः** बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना (पहुँच)
**परियोजनाको अवधिः** सन् २०२२ जनवरीदेखि २०२५ डिसेम्बरसम्म
**परियोजना कार्यान्वयन गर्ने स्थानीय साझेदार संस्थाः** ग्रामीण नारी उत्थान संघ (RWUA)
**परियोजनाको कार्यक्षेत्रः** हरिपुर नगरपालिकाका सबै वडाहरू
**सहयोगी संस्थाः** सेभ द चिल्ड्रेन
**परियोजनाले काम गर्ने मुख्य क्षेत्रहरूः**

- नेपाल सरकारद्वारा प्रदान गरिने सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयन प्रणाली सवलीकरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,
- सामाजिक सुरक्षा भत्ताका लागि योग्य तर विविध कारणले यसबाट वञ्चित व्यक्तिहरूको पहिचान गरि उनीहरूलाई सामाजिक सुरक्षा भत्ता प्राप्तिको लागि दर्ता प्रकृयामा ल्याउन आवश्यक सहयोग र सहजीकरण गर्ने,
- बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरूलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,
- जोखिम तथा संकटासन्नतामा रहेका नागरिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न स्थानीय सरकारको नीति निर्माणमा सहयोग गर्ने ।

## सन् २०२२ देखि हालसम्म परियोजनाले हाँसिल गरेका प्रमुख उपलब्धिहरूः

नगरपालिकाका ६ वटा वडाका १२ जना महिलाले अभिभावक कक्षा सहजीकरण सम्बन्धि तालिम प्राप्त गरि समूदायस्तरमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

४८६ जना अभिभावकले अभिभावक सचेतना कार्यक्रमका १२ वटा साप्ताहिक कक्षामा सहभागी भई नमुना अभिभावकको रूपमा आफूलाई समुदायमा चिनाएका छन् र अन्य अभिभावकहरूलाई पनि असल अभिभावक बन्नका लागि उत्प्रेरित गरिरहेका छन् ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य तर छुटेका भनि पहिचान भएका जम्मा ११७ जना मध्ये ८८ जना बालपोषण भत्ता, ३ जना पूर्ण अशक्त अपाङ्गता र १ जना अति अशक्त अपाङ्गता भत्ता, ७ जना विधवा, १ जना एकल महिला, १७ जना जेष्ठ नागरिकको लागि दर्ता भई सामाजिक सुरक्षा भत्ताको लाभ लिईरहेका छन् ।

सामाजिक सुरक्षाको क्षेत्रमा पालिकाको प्रणाली सवलीकरणको क्षेत्रमा केही उल्लेख्य कार्य भएका छन्, जस्तै— सामाजिक सुरक्षा नीति निर्माणमा सहजीकरण तथा प्राविधिक सहयोग, सम्बन्धित पालिका, वडाका प्रतिनिधि तथा कर्मचारीहरूलाई सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन र अभिभावक सचेतना कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि निर्माण ।

# स्थानीय जनप्रतिनिधिहरुको भनाई

मेरो विचारमा ग्रामीण नारी उत्थान संघद्वारा संचालित पहुँच परियोजनाले एकल महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालपोषण भत्तामा पहुँच नपुगेका विपन्न, दलित समुदायको हितमा काम गरेको हुँदा मलाई धेरै खुसी लागेको छ र यो परियोजनासँग हातेमालो गर्दै यो वडालाई सत प्रतिशत घटना दर्ता सफल बनाउने ईच्छा रहेको छ ।

**नील विक्रम थापा, वडा नं.२**

बाल संबेदनशील अभिभावकत्व कार्यक्रममा सहभागी भएपश्चात समुदायका विभिन्न टोलका महिलाहरुमा बालबालिकाको स्याहार सम्बन्धि आएको परिवर्तन देखेर म ज्यादै खुसी छु र यस्ता कार्यक्रमका लागि बजेट विनियोजन गर्ने योजना रहेको छ ।

**सुरेन्द्र प्रसाद चौधरी, वडा नं.५**

पहुँच परियोजनाको अभिभावकत्व कार्यक्रमले बालबालिकाहरुको शारिरिक, मानसिक, बौद्धिक र संवेगात्मक विकासमा ठूलो उपलब्धि देखिएको हुँदा यसलाई निरन्तरताका लागि बजेट विनियोजन गर्नेछु ।

**प्रेमहरि श्रेष्ठ, वडा नं. ६**

पहुँच परियोजनाको समन्वयमा वडा स्तरीय गुनासो सुनुवाई समिति गठन भए पश्चात जन्मदर्ता वन्नबाट छुटेका कयौं बालबालिकाहरुको जन्मदर्ता बनेको र ती बालबालिकाहरुलाई सामाजिक सुरक्षा भत्तामा आवद्ध गर्न सफल भएको छ ।

**मनोज कुमार चौधरी, वडा नं.७**

पहुँच परियोजना संचालन हुनु भन्दा पहिला वडा स्तरीय सामाजिक सुरक्षा गुनासो सुनुवाई समिति गठन भएको थिएन तर ग्रामिण नारी उत्थान संघको सहयोगमा वडा स्तरीय गुनासो सुनुवाई समिति गठन भएपछि सामाजिक सुरक्षा भत्ता सम्बन्धि गुनासो लाई वडा स्तरमा नै समाधान गर्न थालिएको छ ।

**हरी बहादुर थापा, वडा नं. ८**

सामाजिक सुरक्षा भत्तामा योग्य भएर छुटेका व्यक्तिहरुको आवश्यक कागजपत्र जुटाउन तथा अन्य खर्चहरु (नागरिकता तथा घटनादर्ता, यातायात खर्च, स्वास्थ्य परिक्षण खर्च इत्यादि) मा सहजीकरण गरी भत्तामा पहूँचको लागि विपन्न र असहायहरुप्रति गरिएको कार्य उदाहरणीय रहेको छ जसले गर्दा आज ति परिवार धेरै नै खुसी भएको पाएको छु । यसकारण पहुँच परियोजना प्रति वडा कार्यालय धन्यवाद व्यक्त गर्दछ ।

**विश्वनाथ राय, वडा नं. ९**

# “बालबालिकालाई डर, त्रासले होईन मायाले फकाउनु पर्ने रहेछ”

मेरो नाम अंजिता हो । शिक्षाको हिसाबले मेरो श्रीमान्‌ले स्नातक र मैले कक्षा १२ पास गरेका छौँ । हामी हरिपुर नगरपालिका सर्लाहीमा बस्दछौँ । गाउँमा अभिभावक कक्षा सञ्चालन हुने खबर पाएपछि मैले पनि कक्षामा सहभागी हुनको लागि आफ्नो नाम टिपाएको थिएँ । कक्षामा बालबालिकासँगको हाम्रो सम्बन्ध कस्तो हुनुपर्दछ र अभिभावकले उनीहरूलाई कस्तो व्यवहार देखाउन पर्दछ भन्ने कुरा छलफल गरिन्थ्यो । अभिभावक कक्षामा छलफल भएका कुराले मेरो व्यक्तिगत जीवनमा ठूलो प्रभाव पारेको छ । बच्चाहरूलाई गर्ने व्यवहार म आफै पढेलेखेको मान्छेको त यस्तो छ भने अरू लेखपढ नगरेकाहरूको कस्तो होला भनि सोच्ने गर्छु । कति दिन मैले बच्चालाई सजाय दिएको, उनीहरूलाई अनुशासनका नाममा डर र त्रासमा राखेको कुरा सम्झेर मन दुख्छ ।

म अभिभावक शिक्षा कार्यक्रममा सहभागी भएपछि आफूले छोराछोरीप्रति गरेको व्यवहारले पश्चाताप् गर्न थालेँ । हामीले दिएका शारीरिक र मानसिक सजायले उनीहरूमा डर, सम्झने शक्तिमा ह्रास आउने, चाहेजति प्रगति गर्न नसक्ने रहेछन् भन्ने बुझेपछि म कतिपटक एक्लै छोराछोरीलाई सम्झिएर रोएकी छु । मैले, उनीहरूको माया पाउनुपर्ने र मायालु वातावरणमा हुर्कन पाउनुपर्ने उमेरमा गरेको व्यवहारप्रति आफैलाई नराम्रो लाग्छ ।

जब अभिभावक सकारात्मक बन्छौँ तब हाम्रो व्यवहार पनि सकारात्मक हुन्छ र बालबालिकालाई सोही अनुसार हुर्काउन सकिन्छ । म अचेल मेरा छोराछोरीसँग खेल्छु । उनीहरू खुसी हुन्छन् । अचेल श्रीमान्‌ले पनि छोराछोरीलाई समय दिन, खेल्न तथा कुराकानी गर्न थाल्नुभएको छ । हामी अभिभावकको यस्तो व्यवहारले छोराछोरीको व्यवहारमा पनि परिर्वतन आएको छ । मेरी छोरी अहिले भनेको मान्ने तथा झगडा नगर्ने, हामीसँग खुलेर कुराकानी गर्ने गर्छिन् ।



# आयुसले बालपोषण भत्ता र उनको बुवाले नागरिकता पाए

तेज नारायणका तीन छोराछोरी मध्ये आयुष कान्छा छोरा हुन् । उनको परिवार हरिपूर नगरपालिका ७ मा बस्छन् । आयुषका हजुरबुवाले उनको दाजु र दिदीको जन्मदर्ता गरिदिए पनि परिवारमा कसैको नागरिकता नभएकोले उनीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका थिएनन् । आयुसका हजुरबुवाले जन्मको आधारमा नागरिकता पाएका थिए तर जन्मसिद्धका आधारमा नागरिकता बन्ने कानुन नबन्दै उनको मृत्यु भयो । बुवाको जन्मसिद्ध नागरिकता नभएका कारण उनका दुई छोरा तेज नारायण र बुधनको नागरिकता बन्न सकेको थिएन । सोही कारण तेस्रो सन्तानको रूपमा जन्मेका आयुषको जन्म हुँदा उनको घरमा नागरिकता भएका व्यक्ति जो सूचक बन्न सक्थे कोही पनि थिएनन् र उनको जन्म दर्ता बन्न सकेको अवस्था थिएन । यहि वीचमा आयुसको हजुरआमाको पनि निधन भयो । उनको पनि नागरिकता थिएन । उनको वडा कार्यालयले मृत्यु प्रमाणीकरण गरेको थियो ।

यसरी दैनिक ज्यालादारी काम गरेर खानु पर्ने व्यक्तिहरूलाई नागरिकताको लागि पटकपटक सदरमुकाम मलंगवा जानुपर्दा पैसाको धैरै नै अभाव भइरहेको अवस्थामा वडा कार्यालयको समन्वयमा ग्रामीण नारी उत्थान सघं र सेभ द चिल्ड्रेनको साझेदारीमा सञ्चालित पहुँच परियोजनाले आथर्ािक तथा प्रविधिक सहयोग गरेको थियो र ३ महिना नियमित जिल्ला प्रशासन कार्यालय धाएर, आवश्यक कागजात र सबै प्रक्रिया पुर्याए पश्चात जिल्ला प्रशासन कार्यालयले उनीहरूलाई बोलाएर नागरिकता दिएको थियो ।

हाल आयुसले बालपोषण भत्ता प्राप्त गरिरहेका छन् । भत्ताले आयुसको लागि पोषिलो खानेकुरा खरिद गर्न सहज भएको छ र वडा नं.७ र ग्रामीण नारी उत्थान संघको सहयोगले उनको बुवा र अन्य परिवारको नागरिकता बनेको छ ।

*"मैले नागरिकता पाएकोमा म धैरै खुसी छु । म लगायत मेरा परिवारका सम्पूर्ण सदस्यहरूका लागि नेपाल सरकारले प्रदान गर्ने सेवासुविधाका लागि ढोका खुल्ला भएको छ । मेरो छोरालाई सामाजिक सुरक्षा भत्तामा आवद्ध गर्न पाएँकोमा खुसी लागेको छ ।"*

***- तेज नारायण***



# “सामाजिक सुरक्षा भत्ताले इट्टाभट्टामा काम गर्नुपर्ने बाध्यताबाट छुटायो”

हरिपुर नगरपालिका–९ बस्ने मेरो नाम रजिया हो । म पहिला इट्टाभट्टामा काम गर्थें । श्रीमान्को पनि मृत्यु भइसकेकोले घरमा कोही नहुँदा छोरीहरु पनि मसँगै मेरो काम गर्ने ठाउँमा जान्थे । मेरो नागरिकता पनि नबनाएकोले र मेरो श्रीमान्को पनि नागरिकता नबनेकोले सानी छोरीहरुको जन्मदर्ता बनेको थिएन ।

म आफ्नो पति जीवित हुँदै नागरिकता बनाउन चाहन्थें तर बन्न सकेन । पहुँच परियोजनाले गर्दा थाहा पाएँ कि विधुवा महिलाले पनि सामाजिक सुरक्षा भत्ता पाउने रहेछन् । तर मसँग नागरिकता र विवाहदर्ता थिएन । नागरिकता प्राप्त गर्ने प्रयास गरेँ तर कागजातहरू जुटाउन सकेको थिइन । मेरो र मेरा पतिको आमाबुवाको मृत्यु भइसकेको थियो र त्यसले गर्दा मलाई नागरिकता प्राप्त गर्न गाह्रो बनायो तर पनि मैले प्रयास गर्न छोडिन ।

पहुँच परियोजनाको आर्थिक तथा वडा कार्यालयको निरन्तर सहयोगले मैले अन्ततः असार २०७९ मा आफ्नो नागरिकता प्राप्त गर्न सफल भएँ र श्रावण २०७९ देखि विधवा भत्ता बापत प्रति महिना २,६६० रुपैयाँ प्राप्त गर्न थाले । मैले विधवा भत्ता पाएपछि इट्टाभट्टामा काम गर्न छोडेँ । सानी दुई छोरीहरुको जन्मदर्ता बनाएर विद्यालय भर्ना गरिसकेकी छु । म अहिले अरू कसैको खेतमा मजदुरको रूपमा काम गरी केही कमाएर र भत्ताको पैसाले परिवार पाल्न तथा छोरीहरूका लागि किताब कापी, कलम किन्न सक्षम भएकी छु । अहिले मैले मेरा छोरीहरूलाई पढाउन थालेको छु । अब उनीहरू इट्टाभट्टामा काम गर्न जानु पर्दैन र अरू बालबालिका जस्तै विद्यालय जान थालेका छन् ।



# अपाङ्गता भत्ताले पोषणयुक्त खाना र औषधि उपचारमा सहज भएको छ

आठ बर्षका धिरज, जन्मै देखि अपाङ्गता भएका बालक हुन् । उनको परिवार हरिपूर ९ मा बस्छन् । उनी अरुको सहायता विना यताउती चल्न पनि सक्दैनन् । उनले अपाङ्गता भत्ता पाउँछन् भन्ने कुरा उनको परिवारलाई थाहा थिएन । पहुँच परियोजनाले स्थानीय सरकारसँगको समन्वयमा भत्ता प्राप्त गर्न योग्य तर विविध कारणले छुटेका व्यक्तिहरूको नामावली सङ्कलन गर्ने क्रममा उनको पहिचान भएको थियो । धिरजको बारेमा पहुँच परियोजनाले स्थानीय सरकारसँग समन्वय गरि धिरजको अपाङ्गता परिचय पत्र बनाउन आवश्यक प्रक्रिया जस्तैः डक्टरको स्वास्थ्य परीक्षणका कागजात, बुवाआमाका नागरिकता, धिरजको जन्मदर्ता लगायतका कागजात तथा घरधुरीमा गई अवस्था अध्ययन गरेपछि उनको "क" बर्गको अपाङ्गता परिचय–पत्र करिब २ महिनापछि बनेको थियो ।

धिरजको अपाङ्गता परिचयपत्र बनेपछि उनले मासिक भत्ता ३,९९० रुपैयाँ पाउन थालेका छन् । यस पैसाले अहिले उनलाई पोषण युक्त खाना र उनको औषधि उपचारको खर्च भैरहेको छ । यो रकम धिरजका लागि जीवन जिउने आधार बनेको छ । जानकारीको अभावका कारण राज्यले प्रदान गर्दै आएका सामाजिक सुरक्षा भत्ताबाट वञ्चित हुन पुगेका, गरिबीको चरम अवस्थामा जीउँन बाध्य भएका व्यक्तिहरूलाई विभिन्न संघसंस्था र सरकारका निकायले खोजी गरी सेवा प्रवाहमा सहयोग गर्नु अत्यन्तै सह्रानीय विषय रहेको छ ।

धिरज अहिले  सेभ द चिल्ड्रेन अन्तर्गतको अर्को परियोजना "समुन्नती" को सहयोगमा **घरमै विद्यालय कार्यक्रम** मार्फत अरू बच्चाले जस्तै पढ्न पाएर खुशी छन् ।



# “बाल पोषण भत्ताले बालबालिकालाई पोषिलो खानामा सहयोग पुगेको छ”

मेरो नाम गीता हो । म हरिपूर नगरपालिकामा बस्छु । मेरो २ जना छोराछोरी ५ बर्ष मुनीका छन् । उनीहरुको जन्मदर्ता नभएको कारण बालपोषण भत्ता पाउन सकिएको थिएन । आर्थिक अभावका कारण विशेष गरि छोरालाई समयमा उपचार गर्न र पौष्टिक तत्व नपुगेर कुपोषित समेत भएको थियो । एक दिन सामाजिक सुरक्षा भत्ता पाउनबाट बञ्चितहरुको पहिचान गर्न वडाको टोली मेरो घरमा आएको थियो र मैले आफ्ना दुईजना बच्चाहरुको नाम टिपाएको थिएँ । पारिवारिक केहि समस्याका कारण मेरो जन्मदर्ता, विवाह दर्ता, नागरिकता केहि बनेको थिएन । मेरो बच्चाको जन्मदर्ताको लागि सूचक पनि बस्ने कोहि थिएन ।

मेरा सबै समस्याको समाधानका लागि वडा कार्यालय र पहुँच परियोजनाको टिमले आवश्यक पहल गरिदिनुभयो र उहाँहरुको अथक प्रयास र सहयोगले करिब ३ महिना पछि मेरो जन्मदर्ता बन्यो र सबै प्रक्रियामा गएपछि झण्डै १ महिना लगाएर विवाहदर्ता र नागरिकता बन्यो ।

मेरो जन्मदर्ता, नागरिकता, विवाह दर्ता, मेरा तीन छोरीहरूको जन्मदर्ता, छोराको जन्म दर्ता र बाल पोषण भत्ता लगायतका सम्पूर्ण कार्य गर्नका लागि करिब एक वर्ष ६ महिना लाग्यो । अहिले मेरा दुई बच्चालाई त्रैमासिक रुपमा एक जनाको १५९६ रूपैयाँ को दरले बैंकमार्फत पैसा आउँछ । त्यो पैसाले उनीहरूलाई पोषिलो खानेकुरा जस्तै—अण्डा तथा फलफुल खुवाउने गरेकी छु । सरकारी निकाय र संस्थाको सहयोगमा यी कागजात बनाइ मेरा बालबच्चालाई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सफल गराइदिनु भएकोमा म सम्बद्ध सबैप्रति धन्यवाद दिन चाहन्छु ।



# अपाङ्गता भत्ता भएको छ जीवन निर्वाह गर्ने आधार

हरिपुर नगरपालिका–६, लक्ष्मीपुरमा बस्ने जितेन्द्रलाई मोटरसाइकल दुर्घटनाले शारीरिक रूपमा अपाङ्गता बनाएको थियो । उपचारको क्रममा उनको सबै सम्पत्ति सकियो तरपनि उनलाई पहिलाको अवस्थामा ल्याउन सकिएको छैन । उनको जीवन अपाङ्गतासँगै बितिरहेको छ । बुवाको अवस्थाका कारण कलिलो उमेरमा छोराले आफ्नो पढाइ छोडेर सिकर्मीको काम सिकेर काम गरी परिवारलाई हेर्नुपर्ने बाध्यता आयो । यसै बिचमा उनलाई सामाजिक सुरक्षा भत्ताको बारेमा ग्रामीण नारी उत्थान संघ र नगरपालिकाले उनको अवस्था अवलोकन गरी आवश्यक पहल गरेर अहिले जितेन्द्रले "क" वर्गको अपाङ्गता भत्ता पाईरहेका छन् । यस भत्ताले उनको जीवन निर्वाहमा ठूलो राहत पुगेको छ ।

अपाङ्गता परिचय पत्र प्राप्त गरेपछि जितेन्द्रले मासिक ३,९९० रुपैयाँ प्राप्त गर्न थालेका छन् । जुन पैसाले उनलाई खाना र औषधि उपचारका लागि सहयोग पुगेको छ । जसले गर्दा उनको परिवारलाई अलिकति भएपनि सहज भएको छ । सपाङ्ग हुँदा घरायसी आर्थिक अवस्था राम्रो भए तापनि समय र परिस्थितिले निम्त्याएको सङ्कटका कारण जीवनयापन गर्न नै कठिन भएको अवस्थामा परेका व्यक्तिहरूका लागि सामाजिक सुरक्षा भत्ता एक जिउने आधार बन्न गएको छ ।



# अपाङ्गता भत्ताकै रकमबाट घरखर्च चलिरहेको छ

चार जना छोराछोरीकी आमा कालिमाया हरिपुर नगरपालिका वडा नं २, मा बस्छिन् । उनको बोलाइ तथा सुनाइसम्बन्धी समस्या रहेको थियो । उनको नागरिकता बनेको थिएन भने अपाङ्गता भएको भए तापनि कागजात नभएको कारण तथा बनाउन परिवारले वास्ता नगरेको कारण उनी सामाजिक सुरक्षा भत्ताबाट बञ्चित थिईन् । उनको श्रीमान्को पनि बोलाइ तथा सुनाइसम्बन्धी समस्या भएको तर नागरिकता बनेको हुनाले उनले "ख" वर्गको निलो कार्ड पाएर भत्ता पनि प्राप्त गरिरहेका थिए ।

छोराछोरी सबै बाहिर बस्ने हुनाले घरमा उनी र श्रीमान् मात्रै बस्छन् । श्रीमान्को भत्ताको भरमा दुई जनालाई खान नपुगेपछि छिमेकी तथा गाउँका मानिसहरूको सहयोगले उनीहरुले जीविकोपार्जन गरिरहेका थिए । पहुँच परियोजनाले सामाजिक सुरक्षा पाउन योग्य भएर पनि छुटेका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन गर्ने क्रममा उनको बारेमा थाहा पाएर विवरण सङ्कलन गरेको थियो । परिवारको अन्य सदस्यहरू कोही पनि नभएको र उनीहरु सुन्न तथा बोल्न नसक्ने हुँदा कसरी सहयोग गर्ने भन्ने बारेमा पनि अन्यौल रहेको थियो । ६ महिनासम्म उनका आफन्तको खोजी गर्दैजाँदा एक जना बुहारीको फोन नम्बर पत्ता लाग्यो तर उनी ३ महिनापछि मात्र घर आएकी थिईन् । कालिमायाको माइतीको बुवाआमाको मृत्यु भएको र आमाको मृत्यु दर्ता बनाएर उनको जन्मदर्ता बनाइ नागरिकताको लागि मुचुल्का बनाई सकेपछि उनको नागरिकता बन्यो ।

झण्डै एक वर्षको निरन्तर प्रयास पछि उनको नागरिकता र "ख" वर्गको निलो रङ्गको अपाङ्गता परिचय पत्र बन्यो । अहिले श्रीमान्, श्रीमतीको अपाङ्गता भत्ताले गर्दा कालिमायाको जीवनयापन सहज भएको छ । अहिले उनले मासिक २,१२८ रुपैयाँ प्राप्त गरिरहेकी छिन् । उक्त रकमले उनीहरूको जीवन सहज भएको छ । अहिले उनले भत्ताकै रकमबाट घरखर्च चलाई रहेकी छिन् । सामाजिक सुरक्षाका भत्ता अपाङ्गता भएका व्यक्तिहरूको जीवन जीउने एउटा आधार बन्न सकेको सफल उदाहरणको रूपमा यस कथालाई लिन सकिन्छ ।



# “पारिवारिक आम्दानी र खर्चको दैनिक हिसाब राख्न शुरू गरेँ”

हरिपुर नगरपालिकामा बस्ने मेरो नाम अनिता हो । मैले अभिभावक शिक्षा कार्यक्रममा अन्य कक्षासँगै पारिवारिक बजेट व्यवस्थापन सम्बन्धी कक्षामा सहभागी हुने अवसर प्राप्त गरेकी थिएँ । उक्त कक्षाबाट मैले, खाना र महङ्गा वस्तुहरूमा अनावश्यक खर्च कम गर्ने कुरा सिकेँ । महङ्गा बजारबाट किनेका वस्तु भन्दा अण्डा, दूध, दही, हरियो सागसब्जी र फलफूल जस्ता पोषिलो खानेकुरा खानाले परिवारको स्वास्थ्यमा समेत सुधार ल्याउने र पैसा समेत बच्ने विषयमा राम्रो शिक्षा आर्जन गर्न पाएँ ।

मैले पारिवारिक आम्दानी र खर्चको हिसाब किताब दैनिक डायरी लेख्न सुरुवात गरेँ । जसले मलाई कति खर्च कुनकुन शीर्षकमा हुँदो रहेछ भन्ने जानकारी भयो । खर्च कम गर्नका निम्ति कुनकुन कुरामा खर्च कम गर्ने भन्ने कुराको पनि स्पष्ट सङ्केत पाएँ । दैनिक हिसाब किताब राख्नाले बजारको तयारी खाना र अनावश्यक रूपमा किनिने लत्ता कपडाको खर्चलाई कम गरी पोषणयुक्त खाना र आवश्यकताका आधारमा मात्रै खर्च गर्ने बानिको समेत विकास भयो । यस अभ्यासले मलाई आफ्नो आम्दानी भन्दा खर्च कम गर्न र बचत गर्ने बानीमा समेत सुधार ल्यायो र मैले अहिले केही रकम सहकारी संस्थामा बचत समेत गर्न सुरुवात गरेकी छु । अहिले अनावश्यक खर्च कम गर्न र हाम्रो पारिवारिक आयलाई अझ बलियो र प्रभावकारी बनाउने विषयमा जानकारी प्राप्त गरेकी छु । थप आयआर्जन गर्न मैले कस्मेटिक व्यवसाय पनि सुरुवात गर्ने योजना बनाएको छु ।

आफूले पाएको जानकारी सबै घरपरिवारका सदस्यलाई भन्ने र बुझाउने गरेकी छु जसले मेरा परिवारका सदस्यमा पनि बचत गर्ने बानी बसेको छ । अहिले हामीले स्वास्थ्य उपचारलाई पहिलो प्राथमिकता दिन थालेका छौँ भने भविष्यका लागि बचत गर्न पनि परिवारका सबै सदस्य मिलेका छौँ ।



# अथक प्रयासपछि नागरिकता र बालपोषण भत्ता प्राप्त भयो

हाल सर्लाही जिल्ला हरिपुर–९ को एउटा गाउँमा साढे दुई बर्षकी लक्ष्मी र उनको परिवार बस्छन् । लक्ष्मीको परिवारको कुनैपनि सदस्यको जन्मदर्ता, नागरिकता, विवाह दर्ता जस्ता कानूनी कागजपत्रहरू केही पनि बनेका थिएनन् । यो अवस्थामा नेपाल सरकारले प्रदान गर्ने सबै सेवासुविधाबाट उनीहरू वञ्चित थिए ।

उनको परिवारको कानुनी कागजात बनाउने क्रममा प्रयास गर्दागर्दै २५ हजार रूपैयाँ भन्दाबढी रकम खर्च भएको थियो । उक्त पैसाको जोहो गर्नका लागि घरमा पालिएका गाईवस्तुहरू समेत बेच्न बाध्य भएका थिए । तैपनि कसैको कागजात बनेको थिएन । यसैक्रममा, ग्रामीण नारी उत्थान संघ र सेभ द चिल्ड्रेनको साझेदारीमा सञ्चालित पहुँच परियोजनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य तर छुटेका व्यक्तिहरूको लगत सङ्कलन गर्ने क्रममा लक्ष्मीलाई सामाजिक सुरक्षा भत्ताका लागि योग्य भनेर पहिचान त गरे तर उनको कागजातको अभाव देखियो । निरन्तर १८ दिनको प्रयासपछि लक्ष्मीको जन्मदर्ता, उनका बुवाआमा र हजुरबुवा हजुरआमाले नेपाली नागरिकता प्राप्त गर्न सफल हुनुभयो ।

लक्ष्मीको परिवारले कानुनी कागजात बनाउन सफल हुँदा परिवारका सबै सदस्य निकै खुसी देखिन्थे । जुन कुराले उनीहरूको जीवनमा नयाँ अध्यायको प्रारम्भ भएको थियो । यस कार्यक्रमले समुदायमा पछि परेका व्यक्तिहरूलाई अत्यन्तै राम्रो गरेको कुरा वडा अध्यक्ष विश्वनाथ रायले बताउनु भएको थियो । अहिले लक्ष्मीले बालपोषण भत्ता प्राप्त गर्न थालिन् जसले गर्दा उनलाई पोषणयुक्त खाना खुवाउनको लागि सजिलो भएको छ ।

“*हामीले जस्तै नातिनीले पनि दुःख पाउँछे कि भन्ने लागेको थियो तर उसको भविष्य पनि राम्रो हुने भयो । मैले जीवनमा भोगेका दुःखहरू सम्झँदा आँखाभरि आँशु आउँछ जब यो नागरिकता हातमा देख्छु मेरा यी आँसुहरू खुसीमा बदलिन्छन् र मैले गरेका मेरा संघर्षहरूले अझै मलाई अगाडि बढ्न प्रेरणा दिन्छ ।*”

***- लक्ष्मीको हजुरआमा***



# “अनावश्यक खर्च कटौतिले पैसा बचत गर्न सकिने रहेछ”

मेरो नाम शिवकला हो । म हरिपुर–७ मा बस्छु । हामीले घरमा नै सानो पसल गरेका छौँ । त्यसको हिसाब किताब पनि राख्ने गरेका थिएनौँ । परिवारलाई आवश्यक पर्ने सामानहरु जस्तै, खानेकुरा, दाल, चामल, तेल त्यही पसलबाटै लिन्थ्यौँ । कति आम्दानी र खर्च भयो भन्ने कुनै हिसाब हुँदैन थियो । पसलका खाने कुराले बच्चाको स्वास्थ्यमा पनि समस्या आएको थियो । धेरैपटक स्वास्थ्य जाँच गर्नका लागि अस्पताल पनि लैजानु परेको थियो ।

अभिभावक शिक्षा कार्यक्रममा सहभागी भैसकेपछि हामीले हाम्रो आम्दानी र खर्चको हिसाब राख्नुपर्ने, फजुल खर्च घटाउनुपर्ने, बचत गर्नुपर्ने कुराहरू थाहा पायौँ । मैले आफूलाई पढ्न तथा लेख्न नआएपनि श्रीमान् तथा जेठाजुसँग सहयोग मागेर दैनिक आर्थिक हिसाबकिताब लेखेर राख्ने काम गरेँ । यसरी लेख्ने क्रममा किराना पसलबाट नै सबै घर खर्च चलिरहेको थाहा पाएँ ।

अहिले हामीले दैनिक १०० रुपैंया बचत तथा ऋण सहकारीमा जम्मा गर्ने गर्दा पनि मासिक तिन हजारसम्म बचत हुनेरहेछ र वार्षिक छत्तिस हजार बचत हुने रहेछ । मैले कहिले काहीँ बढि पैसा भएको समयमा बढि पनि बचत राख्न थालेको छु । जसलेगर्दा अप्ठ्यारो परेको समयमा सहज हुन थाल्यो । घरका सदस्यले दैनिक पिउने चिसो र चुरोटको पैसा मात्र बचत गर्दा निकै पैसा जोगियो । पसलमा बेच्न राखेका खानेकुराहरू बच्चालाई खान नदिदा उनीहरूको स्वास्थ्य राम्रो हुनुका साथै पैसापनि बचत भएको हिसाबकिताब खाताबाट देखियो । अहिले हामीलाई समस्या पर्दा खर्च जुटाउन समस्या छैन । बचतबाट नै गर्नसक्ने भएका छौँ । बचत गर्ने बानीले बच्चाको विद्यालयको शुल्क र भैपरि आउने आपतकालीन खर्च गर्न सहज भएको हामीले महसुस गरेका छौँ ।



# अभिभावक सचेतना कार्यक्रम सञ्चालनका लागि तालिम प्राप्त सहजकर्ताहरुको विवरण

| क्र. स. | नाम | ठेगाना |
|---|---|---|
| १. | मीना कुमारी ठाकुर | हरिपुर ०८ |
| २. | मन्जु कुमारी चौधरी | हरिपुर ०८ |
| ३. | लक्ष्मी राई | हरिपुर ०७ |
| ४. | उषा कुमारी चौधरी | हरिपुर ०७ |
| ५. | स्वष्तिक चौधरी | हरिपुर ०२ |
| ६. | अप्सरा पोखरेल | हरिपुर ०२ |
| ७. | निलम कुमारी पजियार | हरिपुर ०५ |
| ८. | निमन्त्रना कुमारी चौधरी | हरिपुर ०५ |
| ९. | सुकेश्वरी कुमारी | हरिपुर ०६ |
| १०. | हसिना कुमारी | हरिपुर ०६ |
| ११. | संगम चौधरी | हरिपुर ०९ |
| १२. | मिन्चु कुमारी यादव | हरिपुर ०९ |
| १३. | कैलाशबती चौधरी | हरिपुर ०५ |
| १४. | अपसना खातुन | हरिपुर ०५ |
| १५. | जानकी चौधरी | हरिपुर ०९ |

बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना फिनल्याण्ड सरकारको सहयोगमा सेभ द चिल्ड्रेन फिनल्याण्ड र सेभ द चिल्ड्रेन नेपालको साझेदारीमा नेपालमा सञ्चालित परियोजना हो । स्थानीय तह तथा समुदायस्तरमा यस परियोजनाको कार्यान्वयन ग्रामीण नारी उत्थान संघ, हरिपूर, सर्लाहीले गरिरहेको छ ।

**प्रकाशनः**
हरिपूर नगरपालिका, सर्लाही र सेभ द चिल्ड्रेन

**कथा सङ्कलनः**
ग्रामीण नारी उत्थान संघ, हरिपूर, सर्लाही

**थप जानकारीको लागि सम्पर्कः**
सेभ द चिल्ड्रेन, नेपाल कन्ट्रि कार्यालय, काठमाडौँ
सम्पर्क नं.: ०१–४५६८१३०, ४५६४८०३
इमेलः post.nepal@savethechildren.org

**ग्रामीण नारी उत्थान संघ, हरिपूर, सर्लाही**
फोन नं. ०४६–४१११०९

With support from Finland's development cooperation

Save the Children